bhanjyangnews.com

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

# भञ्ज्याङ

राष्ट्रिय दैनिक

BHANJYANG NATIONAL DAILY



व्यास कोसीले घरमा राखिएका स्थानीय कृषि उपज ।

वर्ष ४१ अंक २९२ | २०७९ चैत ०८ गते बुधबार, नेपाल सम्वत् ११४३ March 22, 2023 | पृष्ठ ४ | मूल्य : रू. ५/-

## जीपी कोइरालामा विशेषज्ञ चिकित्सक सहितको श्वासप्रश्वास उपचार सेवा सुरु

**भञ्ज्याङ समाचारदाता/दुलेगौंडा**

तनहुँको जीपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्रमा विशेषज्ञ चिकित्सक सहितको श्वासप्रश्वास सम्बन्धी बैहिरङ्ग सेवा सञ्चालनमा ल्याइएको छ । शुक्लागण्डकी नगरपालिका–५ बेलचौतारास्थित उपचार केन्द्रमा नेपाली राजनीतिका शिखर पुरूष तथा पूर्व प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाको १३औं स्मृति दिवसका अवसर पारेर मंगलबारबाट सेवा सञ्चालनमा ल्याइएको हो।

जनरल अस्पतालको रूपमा सेवा दिंदै आएको यस केन्द्रले आफ्नो मुख्य उद्देश्य बमोजिम श्वासप्रश्वास सम्बन्धी विशेषज्ञ चिकित्सक डा. शैलेश गुरूङको नेतृत्वमा सेवा सञ्चालनमा ल्याइएको केन्द्रका कार्यकारी निर्देशक डा. रामकुमार श्रेष्ठले बताए।

सञ्चालक समितिका सदस्य शेषमणि आचार्यको श्वासप्रश्वास सम्बन्धी स्वास्थ्य परीक्षण गरी डा. गुरूङले केन्द्रबाट श्वासप्रश्वास उपचार सेवा शुभारम्भ गरेका थिए । 'केन्द्रबाट दैनिक २५० जना सेवाग्राहीले ओपीडी सेवा लिंदै आएका छन्, जसमध्ये २५ प्रतिशत सेवाग्राही श्वासप्रश्वास सम्बन्धी समस्य लिएर आउनुहुन्छ', डा. श्रेष्ठले भने, 'हामीले पहिलेपनि श्वासप्रश्वासको सेवा दिंदै आएका थियौं, अब भने नियमित रूपमा विशेषज्ञ चिकित्सकद्वारा सेवा दिनेछौ ।'

विशेष गरी दम र निमुनियाका विरामीलाई प्राथमिकतामा राखी पहिलो चरणमा सोही अनुसारको उपकरणहरू ल्याइएको उनले बताए। केन्द्रमा हाल पुलमुनरी स्पाइरोमिटर, फोक्सोभित्र हेर्ने दुरविन (ब्रोन्चोस्कोप) उपलब्ध छ। चाडै नै टिवी परीक्षण गर्ने उपकरण पनि जडान गर्ने तयारी भएको छ। केन्द्रले विशेषज्ञ चिकित्सकहरूद्वारा उपचारसेवा प्रदान गर्न थालेपछि स्वास्थ्य उपचारमा सहज भएको शुक्लागण्डकी–६ दरगाउँका ५५ वर्षीय विष्णुबहादुर परियारले बताए । उनले भने, 'पछिल्लो १/२ वर्षमा अस्पतालले उपचार सेवालाई गुणस्तरीय बनाएको छ । हामीलाई सामान्य उपचार सेवा लिन अन्यत्र जानुपर्ने बाँध्यताको अन्त्य भएको छ ।'

'अहिले आमाको स्वास्थ्य उपचार गर्न समयसमयमा पोखरा जानुपर्ने बाँध्यताको अन्त्य भएको छ', उनले भने, 'श्वासप्रश्वास र सुगर सम्बन्धी बिरामी आमालाई उपचारका लागि पोखरा धाइराख्नु पर्थ्यो । अहिले घरदैलोमै सहज रूपमा उपचार सेवा पाएका छौ।'



जीपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्रमा श्वासप्रश्वास परीक्षण गरी उपचार सेवाको शुभारम्भ गरिदै । *तस्विर : नारायण खड्का/भञ्ज्याङ*

यस्तै, श्रीमानलाई कोख दुखेपछि मंगलबार बिहानै केन्द्रमा उपचार गर्न आइपुगेकी भिमाद नगरपालिका–८ की खगिसरा आलेले पनि पछिल्लो समय अस्पतालको सेवामा सुधार आएको बताउँछिन् । उनले भनिन्, 'पहिले केही हुने बित्तिकै पोखरा, चितवन, काठमाडौं जानुपर्थ्यो । अहिले भरपर्दो यहि अस्पताल बनेको छ ।'

५० वेडको उपचार सेवा दिंदै आएको केन्द्रसंग अहिले ७ सय रोपनी क्षेत्रफलको लालपुर्जा रहेको छ भने ४० रोपनी क्षेत्रफलको लालपूर्जा पक्रियमा रहेको छ । हाल केन्द्रमा एक सय जनाको हाराहारीमा करारमा जनशक्ति रहेका छन् । अझै ८० जना कर्मचारी आवश्यकता रहेको डा. श्रेष्ठले बताए। हाल केन्द्रमा १० जना विषेशज्ञ डाक्टर र १० जना मेडिकल अफिसर कार्यरत छन् । केन्द्रले १० वेडको भेन्टिलेटर सहितको आसियु कक्ष पनि सञ्चालन गरेको छ ।

यस्तै, केन्द्रले श्वासप्रश्वास सम्बन्धी ओपीडी सेवा, जनरल ओपीडी, हाडजोर्नी तथा नशा रोग,

बाँकी अन्तिम पेजमा

## व्यासमा फोहरलाई घरबाटै छनोट गरिने

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँको व्यास नगरपालिकाले फोहरलाई घरघरबाटै छनोट गर्ने प्रक्रिया अघि बढाउने भएको छ । नगरपालिकाको मंगलबार बसेको कार्यपालिका बैठकले उक्त प्रक्रिया अगाडि बढाउने निर्णय गरेको हो। बैठकले नगरपालिकाको अव्यवस्थित मोटर ग्यारेजहरूलाई व्यवस्थित गर्ने सम्बन्धी प्रस्ताव बैठकमा प्रस्तुत गरेको छ। बैठकले राष्ट्रपतिमा निर्वाचित भएकामा रामचन्द्र पौडेललाई बधाई ज्ञापन गरेको छ ।

कार्यपालिकाको बैठकले व्यास नगरपालिका–८ बाहुनपोखरामा जन्मिएका नेपालको लोकतान्त्रिक आन्दोलनका नेता पौडेललाई राष्ट्रपतिमा निर्वाचित भएकामा बधाई ज्ञापन गरेको नगर प्रवक्ता जीवन गुरूङले जानकारी गराए । व्यास नगरपालिका जन्मघर भएका पौडेल राष्ट्रपतिमा निर्वाचित हुँदा व्यास नगरपालिकाको गौरव बढेको बताउँदै नगरप्रमुख वैकुण्ठ न्यौपानेले उनको सफल कार्यकालको शुभकामना व्यक्त गरेका थिए ।

यस्तै, बैठकले व्यास नगर शिक्षा नियमावली, २०७६ लाई पाँचौ संशोधन प्रस्ताव र स्थानीय पाठ्यक्रम निर्माण कार्यविधि, २०७९ पारित गर्ने निर्णय गरेको छ । व्यास नगरपालिका विज्ञापन कर निर्देशिका, २०७९, पशु प्रबर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ बैठकमा कार्यपालिका सदस्यहरूले अध्ययन गरी आगामी बैठकमा संशोधन प्रस्ताव सहित राय दिन निर्देशन दिने निर्णय बैठकले गरेको छ ।

बैठकले व्यास नगरपालिका वडा नम्बर ६, ७, ८, ९, १०, १२ र १४ वडाहरूमा चैत मसान्तभित्र सार्वजनिक सुनुवाई गर्ने निर्णय गरेको छ । साथै व्यास–१० स्थित वैरेनी जग्गा विकास आयोजनाको निर्माण कार्य चैत ९ गतेदेखि शुभारम्भ गर्ने निर्णय भएको प्रवक्ता गुरूङले बताए । बैठकले व्यास–१४ को केशवटारमा रहेको कृषि कार्यालयको खाली पक्की भवनमा प्रहरी चौकी व्यवस्थापनका लागि अनुरोध गर्ने निर्णय गरेको छ ।

यस्तै, कार्यालयमा कार्यरत स्थायी अधिकृत मेघनाथ आचार्य र करार सेवाका अधिकृत विमल गिरीले पदबाट राजिनामा दिएकामा उनीहरूको राजिनामा स्वीकृत गरिएको छ। नगरपालिकाले आ.व. २०७९/०८० मा अनुमानित गरेको आय २२ करोड ६० लाख रूपैयाँमा फाल्गुण मसान्तसम्म ८ करोड ८४ लाख ८६ हजार ९१९ रूपैयाँ आय भएको बैठकमा जानकारी गराइएको थियो।

## तनहुँ-१ को उपनिर्वाचनका लागि दल दर्ता चैत्र १२ गतेसम्म

**भञ्ज्याङ समाचारदाता/दमौली**

निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्यको रिक्त तनहुँ क्षेत्र नं. १ र बारा क्षेत्र नं. २ को आगामी वैशाख १० गते आइतबार हुने उपनिर्वाचनमा भाग लिन चाहने राजनीतिक दल दर्ताका लागि यही चैत १२ गतेसम्मको समय उपलब्ध गराएको छ । गत मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा तनहुँ क्षेत्र नं १ बाट निर्वाचित रामचन्द्र पौडेल राष्ट्रपति र बारा क्षेत्र नं २ बाट निर्वाचित रामसहाय प्रसाद यादव उपराष्ट्रपतिमा निर्वाचित हुनुभएपछि उपनिर्वाचन हुन लागेको हो । आयोगले आज सार्वजनिक सूचना जारी गरी उक्त समयावधि दिइएको जनाएको छ।

विद्यमान कानूनअनुसार सभाको रिक्त रहेको सदस्यका लागि उपनिर्वाचन हुने र निर्वाचनको मिति आयोगले तोक्ने व्यवस्था छ। सोबमोजिम आयोगको चैत ६ गतेको बैठकले ती क्षेत्रमा उपनिर्वाचनको मिति निर्धारण गरेको थियो । आयोगले यस अघि चितवन क्षेत्र नं २ मा वैशाख १० गते उपनिर्वाचन गर्ने गरी राजनीतिक दल दर्ताको कार्य सकाइसकेको छ ।

## 'सामान हाम्रो, मूल्य ग्राहकको'

**पूर्ण विके/तनहुँ**

तनहुँको बन्दीपुर गाउँपालिकामा रहेका करिब ४० घर भुजेलले बाँसबाट निर्मित सामग्री बिक्री गरेर आम्दानी गर्दै आएका छन् । बाँसबाट निर्मित परम्परागत घरायसी सामग्री बिक्री गरेर घरको दैनिकी धान्दै आएका उनीहरु पछिल्लो समय संकटमा पर्दै गएका छन् ।

बजारमा कच्चापदार्थ बाँस, दैनिक उपभोग्य सामग्री र यातायातको भाउ बढेपछि आफूहरुको आम्दानी खुम्चीएको ५३ वर्षीय चन्द्रबहादुर भुजेलले बताउनुभयो । "बजारमा तेलदेखि चामलसम्मको मूल्य अकाशिएपछि बजार जान सकिने अवस्था छैन", चन्द्रबहादुरले भन्नुभयो, "तर हाम्रो मूल्य भने पहिले जस्तो थियो अहिले पनि त्यस्तै छ । मूल्य बढाउन खोजे कसैले पनि किन्दैनन्।"

आफूहरुले करिब १७ किलोमिटर टाडा पर्ने व्यास नगरपालिका–११ कमलबारीदेखि प्रतिघना बाँसको दुई सयदेखि दुई सय ५० रूपैयाँसम्म तिरेर ट्र्याक्टरमा हालेर ल्याउनुपर्ने अवस्था रहे पनि बजारमा सस्तोमा बाँसको सामग्री बिक्री गर्नुपर्दा पेसाप्रतिको मोह घट्दै गएको उहाँले बताउनुभयो ।

"बाउबाजेको पालादेखि गर्दिंदै आएको भनेर यही पेसा अँगालियो", चन्द्रबहादुरले भन्नुभयो, "बजारमा हामीले राखेको मूल्यमा कहिल्यै सामान बिक्री हुँदैन । हाम्रो सामान तर मूल्य ग्राहकको हुने गर्छ ।" आफूहरूले बाँसबाट बनाएको डालो, नाङ्लो, मान्द्रो र कुचोलगायतका सामग्री होलसेलमा खरिद गर्ने व्यापारीबाट झनै सास्ती पाउने गरेको २९ वर्षीया तारा भुजेलले बताउनुभयो । आफूहरूले बनाएको कुचोलाई प्रतिवटा रू २० मा खरिद गरेर होलसेल व्यापारीले रू ५० देखि रू ७० सम्ममा ग्राहकलाई बिक्री गर्ने गरेको ताराको दुखेसो छ ।



"दिनभरि सामान बोकेर व्यापार गर्न पनि पहिले जस्तो सजिलो छैन", ताराले भन्नुभयो, "महँगोमा बाँस किनेर सस्तोमा सामान बेच्नुपर्दा पेसा धान्न धौधौ छ ।" बन्दीपुर गाउँपालिकाको कार्यालयमा गएर आफूहरूले निश्चित शुल्क लिएर बाँसका सामग्री बिक्री गर्ने व्यवस्था मिलाइदिन पटकपटक अनुरोध गरेको भए पनि सुनुवाइ नभएको ताराले बताउनुभयो ।

प्रतिघना बाँसबाट दुई/तीन वटा नाङ्लो तथा चार/पाँच वटा कुचो बन्छ । ती सामग्री बनाउन करिब दुई दिन लाग्ने भुजेलको भनाइ छ। आफूहरूले प्रतिनाङ्लोको तीन सय रूपैयाँ तोके पनि उक्त दरमा कसैले नकिन्दा सस्तोमा बेच्न बाध्य हुनुपरेको भुजेलको गुनासो छ ।

"हामीले महँगोमा बाँस खरिद

बाँकी अन्तिम पेजमा

## आदिकविको स्ववियु उपसभापतिमा दिनेश, सहसचिवमा सविन

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँको व्यास–१ स्थित आदिकवि भानुभक्त क्याम्पसको स्ववियु उपसभापतिमा दिनेश विश्वकर्मा मनोनित भएका छन्। समानुपातिकबाट सदस्य मनोनित भएका छन् । उनी पनि समानुपातिकतर्फबाट सदस्य चयन भएका थिए । स्ववियु सभापतिमा गौरव पन्थ सर्वसम्मत चयन भएका थिए । आदिकविमा पहिलोपटक सहमतिमा स्ववियु नेतृत्व चयन भएको



बनेका उनलाई पहिलो बैठकले उपसभापति मनोनित गरेको हो । त्यस्तै सहसचिवमा सविन लामिछाने थियो। स्ववियु निर्वाचित पदाधिकार हरूलाई मंगलबार एक कार्यक्रमका बीच प्रमाणपत्र प्रदान गरिएको छ ।

## सम्पादकीय .........

www.bhanjyangnews.com

# छुवाछूत तथा भेदभावमुक्त वातावरणको सुनिश्चित

कुनै न कुनै रूपमा नेपालमा आज पनि विद्यमान जातीय विभेद तथा छुवाछुत कायम भएको देखिन्छ । या कार्यको सम्पूर्ण रूपमा अन्त्य गरी शून्य सहनशीलता सुनिश्चित गर्न अहिलेको आवश्यकाता हो । नेपाल सरकारले अन्तर्राष्ट्रिय समुदाय समक्ष गरेको प्रतिवद्धता, संविधान र कानुनअनुसार दलित समुदायको मानव अधिकार, आत्मसम्मान र सामाजिक न्याय सुनिश्चित गर्नुपर्दछ । मंगलबार 'अन्तर्राष्ट्रिय जातीय तथा रङ्गभेद विरूद्धको दिवस (२१ मार्च) मनाइएको छ । नेपालमा जातीय विभेदका कुनै पनि घटनाप्रतिको शून्य सहनशीलताको नीतिलाई इमानदारीका साथ पालन गर्न राज्यका सबै निकाय लाग्नुपर्दछ । नेपालले सन् १९७१ मै संयुक्त राष्ट्रसंघीय अन्तर्राष्ट्रिय रङ्गभेद विरूद्धको महासन्धि १९६५ लाई अनुमोदन गरिसकेको छ भने २०६२/०६३ को जन आन्दोलनपछि पुनःस्थापित संसदले २०६३ सालमा देशलाई छुवाछुत मुक्त राष्ट्र घोषणा गरिसकेको छ । नेपालको संविधान र जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन २०६८ ले जातीय भेदभाव विरूद्धको हक र मौलिक हक सुनिश्चित गरेको छ । ऐनले जातीय छुवाछुत र भेदभावलाई अपराधको श्रेणीमा राखेको छ । राष्ट्रिय मानवअधिकार आयोगले जातीय छुवाछूत तथा भेद्भावमुक्त वातावरणको सुनिश्चित गर्न सरकार र सम्बन्धित निकायलाई आग्रह गरेको छ । जातीय भेद्भाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय दिवस मनाइरहदा जातीय विभेद्का सबै घटनाका सुक्ष्म अनुसन्धान गरी दोषीलाई कानुनी दायरामा ल्याउन आग्रह गरिएको छ ।

समाजमा दैनिकजसो घट्ने जातीय विभेद तथा छुवाछूतसम्बन्धी घटनालाई निर्मूल गरी जातीय विभेदमुक्त वातावरणको सुनिश्चित गर्नु हामी सबैको दायित्व पनि हो। समाजमा कायम रहेको विभेद्को अन्त्य गर्ने कार्यमा पूर्ण प्रतिबद्ध हुन सबै राजनीतिक दल, गैरसरकारी संघ संस्था तथा नागरिक कटिवद्ध हुनुपर्छ । संवैधानिक तथा कानुनी व्यवस्थाका बाबजुद कानुनको प्रभावकारी कार्यान्वयन हुन नसक्दा अझै पनि जातीय विभेदको स्थिति कायमै रहेको छ । दोषीलाई कानुन बमोजिम समयमै कारबाही हुन नसकेको स्थिति छ । पछिल्लो समय ओखलढुङ्गामा दलित समुदायलाई मन्दिर प्रवेश गर्न रोक लगाइएको, प्रमुख जिल्ला अधिकारीकै संयोजकत्वमा बसेको बैठकले निर्णय गरी अपराधलाई ढाकछोप गर्न खोजिएको, सिराहाको भगवनपुर गाउँपालिका अध्यक्षले घरमा राखेको भोजमा जातीय भेदभावजन्यकार्य गरेको, महोत्तरीमा दलितको भोज खाएको भनि सामाजिक बहिष्कार गरिएको साथै जुम्ला, रामेछापलगायतका जिल्लामा जातीय भेद्भावका घटना भएका विषय पछिल्लो उदहारणहरू हुन् । यस्ता घटना हाम्रा समाजमा दिनदिनै प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा घटिनै रहेका छन् । संयुक्त राष्ट्र संघद्वारा जारी तथा नेपाल पक्ष भएको जातीय भेद्भाव उन्मूलन गर्ने तथा भेद्भावका कारण पीडित व्यक्ति वा समूहका अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने उल्लेख गरेको छ । नेपालको संविधानले प्रत्येक व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हक, न्यायसम्बन्धी हक, दलितको हक, सामाजिक न्यायको हक, समानताको हक, छुवाछूत तथा भेद्भाव (कसूर र सजाय) ऐन, २०६८ र मुलुकी अपराधसंहिता, २०७४ समेतले यी हकको प्रत्याभूति गरेको छ । संविधानमा यी व्यवस्था गरिएपनि व्यवहारमा अझै पनि कार्यान्वयन हुनसकेको देखिदैन ।

बन्दिपुर एफ.एम. प्रा.लि.द्वारा सञ्चालित
रेडियो बन्दिपुर ८८.८ मेगाहर्ज
मेरो पहिलो रोजाई Radio Bandipur 88.8MHz
बन्दिपुर-१, डुम्रेबजार, तनहुँ (प्रहरी चौकी नजिकै)
सम्पर्क : ०६५-५८०३२०, ५८०३६२, ९८५६०४२०८८, ९८५६०६०५००

इ.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५ जि.प्र.का.द.नं. २९२१/०७३/७४ प्यान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ प्यान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-8, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

### तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय -५६०१९९/१०० | एम्बुलेन्स, आँवुखैरेनी - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- ५६०१७६ |
| दमौली अस्पताल, दमौली - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, - ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल - ५६१८११ | टिकट काउण्टर (माइक्रो), ५६०९०६ |
| एपोलो एम्बुलेन्स ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे - ५८०००७ | नेकपा तनहुँ - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली - ५६००९६ |
| व्यास नगर हस्पिटल : ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- ५७०२४० |

# मधेसमा विभेद : ऐन छ, चैन छैन

टीकाराम सुनार/सुदीप राउत

नेपालमा जातीय विभेद तथा छुवाछुत कानुनीरूपमा बर्जित छ । जनयुद्ध, २०६२/६३ सालको जनआन्दोलन, मधेस आन्दोलन र सामाजिक जागरणका अन्य अभियानको जगमा देश गणतन्त्र, धर्मनिरपेक्षता र समावेशी लोकतन्त्रमा प्रवेश गरेको छ । यति धेरै राजनीतिक उपलब्धिकाबीच पनि सामन्ती समाजमा विद्यमान जातीय विभेद तथा छुवाछुतका अवशेष अहिले पनि बाँकी नै छन्। देशलाई छुवाछुतमुक्त राष्ट्र घोषणा गरिएको १६ वर्षभन्दा बढी भएको छ । जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ ले यस्तो विभेदलाई गम्भीर सार्वजनिक अपराधका रूपमा हेरेको पनि एकदशक बितिसकेको छ । तर पनि जातीय भेदभाव तथा छुवाछुतका कारण हुने अमानवीय व्यवहार अहिले पनि रोकिएको छैन । अझ जातीय, भौगोलिक उत्पीडन र विभेद्को चर्को विरोध गर्दै समावेशीता र संघीयताको सबैभन्दा बढी वकालत गर्ने मधेस प्रदेशमा नै जातीय विभेद तथा छुवाछूतका घटना डरलाग्दो रहेको सरोकारवालाको भनाइ छ ।

मधेस प्रदेश सरकारले २०७६ मंसिर २४ गते दलित सशक्तीकरण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन कार्यान्वयनमा ल्याएको छ । सात प्रदेश सरकारमध्ये दलित सशक्तीकरणका लागि पहिलो पटक ऐन नै ल्याएर मधेस प्रदेश सरकारले गरेको कानुनी व्यवस्थाको सर्वत्र प्रशंसा भएको थियो । तर ऐन आएको तीन वर्ष बितिसक्दा पनि 'जातीय भेदभाव तथा छुवाछुत पूर्णरूपमा अन्त्य गर्न..' प्रस्तावनाले अठोट गरेको सङ्कल्पलाई पूरा गर्न तदनुरूपका क्रियाकलाप भने सुरु भएका छैनन् । सशक्तीकरणका लागि आवश्यक काम त हुँदै जालान् तर सांस्कृतिक एवं सामाजिकरूपमा जरा गाडेर बसको यो कुप्रथाविरूद्ध सार्वजनिक एवं सामाजिक जागरण ल्याउने कार्यमा पनि सरकारले ठोस कदम चाल्न सकेको छैन । त्यसैले अधिकारकर्मी भन्छन् 'मधेसमा ऐन छ तर दलितलाई चैन (चयन) छैन ।' ऐनको परिच्छेद २ को दफा ३ ले व्यवस्था गरेको मुख्यमन्त्री नेतृत्वको जातीय भेदभाव तथा छुवाछुत अनुगमन समिति अहिलेसम्म बनेको छैन न त दफामा ५ ले भनेको स्थानीय जातीय भेदभाव तथा छुवाछुत अनुगमन समितिको 'चेन' स्थानीयस्तरसम्म जोडिएको छ । ऐन, कानुन र सार्वजनिक प्रतिबद्धता अनुरूप सामाजिक जागरणका क्रियाकलाप अगाडि नबढ्दा विभेदका घटनाहरू भइरहेका छन् । गएका तीन महिनामा भएका तीन घटनाले यहाँको जातीय विभेद तथा छुवाछुतबारेको बहसलाई फेरि नयाँ ढङ्गले अगाडि बढाउँदै राज्यबाटै हस्तक्षेपकारी भूमिका जरूरी रहेको सामाजिक अगुवाको बुझाइ छ।

सिरहाको भगवानपुर गाउँपालिकाका अध्यक्ष उग्रनारायण यादवले यही फागुन २२ गते दिवंगत आमाको १३औं दिनको पुण्यतिथिमा जातीय संरचनाअनुसार अलगअलग लाइन लगाएर भोज खुवाएको भनी सार्वजनिक भएको घटना अहिले पनि अनुसन्धानकै घेरामा छ । स्थानीय दलितले भने जातीय विभेद् तथा छुवाछुत हुने गरी व्यवहार गरिएको भन्दै विरोध जनाइरहेका छन् । देशका मन्त्री, पूर्वमन्त्री, सांसददेखि समाजका गन्यमान्य व्यक्ति सरिक त्यो भोजको घटनाबारे सबैको चासो छ ।

त्यसको एक हप्तापछि फागुन २९ गते पर्साको वीरगञ्ज महानगरपालिका-१७ अलौंका दलित सहायक प्रमुख जिल्ला अधिकारी वेदनिधि खनाललाई ज्ञापनपत्र बुझाए। ज्ञापनपत्रको विषय थियो २० वर्षपछि चैत ८ गते अर्थात् भोलिदेखि सुरू हुने शतचण्डी महायज्ञमा दलितले पनि प्रवेश गर्न पाउनुपर्छ। महायज्ञ तयारीका क्रममा टोलमा हुने दैनिक बैठकमा नबोलाएको र महायज्ञ व्यवस्थापनका लागि बनाइएका समितिमा पनि दलितलाई सहभागी नगराइएकाले अघोषितरूपमा महायज्ञमा प्रवेश निधेष गरिएको उनीहरूको भनाइ छ । यी दुई घटनाअघि दलितको घरमा भोज खाएको भन्दै महोत्तरीको सोनमा गाउँपालिका-४ खेसराहाका भिखारी महतोलाई सामाजिक बहिस्कार गरेको घटना सार्वजनिक भएको थियो । जुन घटनाले मधेसमा जातीय विभेदको चरम पराकाष्ठालाई उजागर गरेको छ । महतो गत पुस १९ गते स्थानीय शुभनारायण राम (चमार)को घरमा छठिहार अर्थात् न्वारनको दिन भोजमा सरिक भएका कारण आफ्नै समुदायबाट बहिस्कृत मात्रै होइन, 'जातबाट निकालिएको' भनिएको छ।

यी जातीय विभेद तथा छुवाछुतका प्रतिनिधिमूलक घटना हुन् । दलित अधिकारका क्षेत्रमा काम गर्ने संघसंस्थाका कुरा सुन्ने हो भने मधेसमा जातीय विभेद तथा छुवाछुतका घटनाको स्थिति डरलाग्दो छ । तर ती घटना राज्यका निकायको अभिलेख र कानुनको पहुँचमै आउँदैनन् । मधेस प्रदेश प्रहरी कार्यालयको तथ्याङ्कअनुसार विगत तीन वर्षमा तीन वटा घटना मात्रै प्रहरीको अभिलेखमा आएका छन् । यसअनुसार आर्थिक वर्ष विसं २०७६/७७ मा महोत्तरी र सिरहामा गरी दुई र विसं २०७८/७९ मा धनुषामा एक घटना प्रहरीको अभिलेखमा आएको मधेस प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक महेन्द्रकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

> 'जातीय विभेद नेपाली समाजमा यति धेरै जकडिएको छ कि यसबाट नेपाली समाजलाई मुक्त गर्न ठूलै सांस्कृतिक रूपान्तरणकारी अभियानको आवश्यकता छ । संविधान, नियम, कानुनले मात्रै छुवाछुत र जातीय भेदभाव निषेध गरेर हुँदैन रहेछ । त्यसको कार्यान्वयन र मान्छेको व्यवहार सुधार नै समस्या समाधानको उपाय हो । जुन किस्ताबन्दीमा भइरहेको छ तर हस्तक्षेपकारीरूपमा अगाडि बढेको छैन'

**सन्दर्भ : जातीय विभेद तथा रङ्गभेद उन्मूलन दिवस**

इन्सेक मानवअधिकार वर्ष पुस्तक २०२३ मा उल्लेख भएअनुसार मधेसमा जातजातिका आधारमा दलित सबैभन्दा बढी पीडित छन्। सन् २०२२ मा मधेसमा राज्यपक्ष र अन्यपक्षबाट गरी एक हजार ५८७ दलित पीडित भएको उल्लेख छ । "हो घटनाको संख्यात्मक अभिलेख हेर्दा भेटिदैन तर समाजमा जातीय विभेद् तथा छुवाछुतको मानसिकता यसरी जरा गाडेर बसेको छ कि जसलाई शब्दमा व्यक्त गर्न सकिँदैन", राष्ट्रिय मानवअधिकार आयोगका मधेस प्रदेश प्रमुख मञ्जु खतिवडाले भन्नुभयो, "मानव मर्यादा र सम्मानपूर्वक बाँच्न पाउने हकका हिसाबले हेर्दा अहिलेको आधुनिक समाजमा परम्परागत हानिकारक प्रथामध्येको जातीय विभेद तथा छुवाछुतको मानसिकताले पराकाष्ठा नाघेको छ ।" उहाँले छोराछोरी मरेको स्वीकार्ने तर अन्तरजातीय वा दलितसँगको सम्बन्धलाई नस्वीकार्ने सामाजिक परिवेशले यहाँको दर्दनाक अवस्थालाई दर्साउने बताउनुभयो । "म आफैंले अन्तरजातीय विवाहपछिको विभेदका धेरै घटना हेरेकी छु, पीडक पक्षले सन्तानको ज्यान जाओस् केही वर्षमा बिर्सिन सकिएला तर जात जानु भएन भन्ने मानसिकताले काम गरेको पाउँछु, यो अहिलेको बदलिँदो समाजमा अत्यन्तै विडम्बनाको कुरा हो", खतिवडाले भन्नुभयो।

अभियन्ता अर्जुन थपलिया पनि व्यवस्था बदलिए पनि मानसकिता नबदलिएका कारण अहिले पनि वर्गीय, जातीय, लैङ्गिक र क्षेत्रीय आधारमा नेपाली समाजमा विभेद जीवित रहेको बताउनुहुन्छ । "संविधान, कानुन र ऐन छन् तर कार्यान्वयन हुँदैनन् । असन्तुलित सामाजिक शक्ति सन्तुलनको संरचनाले नै राज्यको उपस्थिति र भूमिकालाई पनि प्रभावित गरिरहेको छ। कमजोर वर्ग समाजमा अधिकारविहीन छन्", थपलियाले भन्नुभयो, "व्यवस्था परिवर्तन भयो, मानिसको व्यवहारमा परिवर्तन हुन सकेन, न त सरोकारवालाले व्यवहार परिवर्तनका लागि हस्तक्षेपकारी अभियान चलाउन सक्यौँ । त्यसले मधेसमा मात्र होइन देशभरि नै विभेद कायम छ ।"

राजनीतिक विश्लेषक राजेश विद्रोहीले संविधानले देशलाई समाजवादोन्मुख भनेकाले सोहीअनुसार जातीय विभेदको अन्त्यलाई प्राथमिकतामा राखेर राज्यले नै ठोस् नीति अगाडि बढाउन जरूरी रहेको बताउनुभयो । "जातीय विभेद नेपाली समाजमा यति धेरै जकडिएको छ कि यसबाट नेपाली समाजलाई मुक्त गर्न ठूलै सांस्कृतिक रूपान्तरणकारी अभियानको आवश्यकता छ । संविधान, नियम, कानुनले मात्रै छुवाछुत र जातीय भेदभाव निषेध गरेर हुँदैन रहेछ । त्यसको कार्यान्वयन र मान्छेको व्यवहार सुधार नै समस्या समाधानको उपाय हो । जुन किस्ताबन्दीमा भइरहेको छ तर हस्तक्षेपकारीरूपमा अगाडि बढेको छैन", उहाँ भन्नुभयो ।

अधिकारकर्मी सञ्जय महरा पनि संविधान र कानुनले नै छुवाछुतलगायत सबै प्रकारका विभेदलाई सार्वजनिक अपराधका रूपमा स्वीकार्दै राज्यको भूमिकालाई बढाउने भने पनि व्यवहारमा त्यसको परिपालना नहुँदा विभेद अझै हट्न नसकेको बताउनुहुन्छ । नागरिक तहमा मात्रै होइन, वडामा निर्वाचित दलित जनप्रतिनिधिले पनि अपमानित महसुस गरिरहनु परेको छ। सप्तरीको सुरूङ्गा नगरपालिका-४ का वडा सदस्य मानुदेवी सदायले पनि संविधानले बाध्यकारी व्यवस्था गरेका कारण दलित महिलाको प्रतिनिधित्व सुनिश्चित गरिए पनि विभेदका हिसावले आफूहरू पीडित रहेको बताउनुभयो । "मलाई नै स्थानीय मन्दिरभित्र प्रवेश गरी पूजापाठ गर्न दिइँदैन, सार्वजनिक समारोहमै उपेक्षा गरेको महसुस हुन्छ", सदाय भन्नुहुन्छ ।

विभेदविरूद्ध सुधारका लागि केही पहल अवश्य भएको छ तर पनि बेलाबखत जातीय विभेद तथा छुवाछुतका घटना सार्वजनिक हुन्छन् । ती घटना न प्रहरीको अभिलेखमा देखिन्छन् न विभेद्मा परेकाहरू नै प्रहरी प्रशासनमा उजुरी गर्न जान्छन्। मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले पनि संघीयताअनुसार प्रदेश संरचना बने पनि अधिकार प्रयोगका हिसाबले अपराध नियन्त्रणको मुख्य जिम्मा भएको प्रहरी प्रशासन नै मातहतमा नहुँदा समस्या भएको बताउनुभयो। "विभेद वा अन्य घटना हामीले पत्रपत्रिकाबाट थाहा पाउँछौं तर प्रहरीले जानकारी दिँदैन । दर्ता अभिलेख नै हेर्ने हो भने पनि कुनै विवरण भेटिदैन । यो त राज्यवादी मुद्दा हो नि,

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
दिउँसोदेखि स्थितिमा सुधार आउनाले फाइदा हुनेछ । सोचेको उपलब्धि तत्काल नपाइएला ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
व्यावसायिक कामले खर्च बढाउनेछ। लगानी रकम उठाउँदा लाभांशमा घाटा लाग्न सक्छ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
रमाइलो यात्रा र मनोरञ्जनको आनन्द लिने समय छ । अतिथिका रूपमा सत्कार पाइनेछ ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
आम्दानीका स्रोत बढ्नेछन्। प्रतिस्पर्धामा विजयी भइनेछ । बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
व्यापार बढ्नाले लाभ हुनेछ । कामको लगावले मनग्गे धन आर्जन हुनेछ ।

**कन्य** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
तारिफयोग्य कामले प्रशंसक बढ्नेछन् । ज्ञान, कला र व्यक्तित्व निखार्ने समय छ ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
अप्ठ्यारा परिस्थिति सुल्झाउनमै समय बित्नेछ । सहयोगीहरु पछि हट्नाले काम रोकिन सक्छ ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । मिहिनेतले नाम, दाम र इनाम आर्जन गर्न सकिनेछ ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
हतारमा निर्णय लिँदा काम बिग्रन सक्छ । तत्कालको फाइदा हेर्दा पछिलाई समस्या पर्नेछ ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
अधिकार र प्रतिष्ठा जोगाउन सफल भइनेछ । मेहनतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ने परिस्थिति देखिन्छ । चुनौतीभित्र अवसर खोज्ने समय छ ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । मिहिनेतले सफलताको उचाइमा पुर्याउनेछ ।



**धादिङको सल्यानटार** : हेलीवाट कैद गरिएको धादिङ सल्यानटारको तस्बिर । *तस्बिर : प्रदीपराज वन्त/रासस*

# मलावीमा चक्रवात फ्रेडीबाट पाँच लाखभन्दा बढी विस्थापित

**रासस/सिन्ह्वा/मलावी**

दक्षिण मलावीमा भीषण चक्रवात फ्रेडीबाट पाँच सय जनाको मृत्यु भएको छभने पाँच लाख आठ हजार दुई सय ४४ जना विस्थापित भएका छन् । यसअघि सरकारी विपद् व्यवस्थापन विभागले चार सय ७६ जनाको मृत्यु भएको तथा चार लाख ९० हजार विस्थापित भएका बताएको थियो । आँधीबाट एक हजार तीन सय ३२ जना घाइते भएका छन् भने चार सय २७ जना हराइरहेका जनाएको थियो । आँधीबाट देशको राजधानी ब्लान्टायरमा व्यापक क्षति भएको छ । राजधानीका धेरै घर पहिरामा पुरिएका छन् । आँधी प्रभावित क्षेत्रका पुल र सडक भत्किएका छन्। विस्थापित परिवारको व्यवस्थापनका निम्ति तीन सय ३४ केन्द्र खडा गरिएको विभागका आयुक्त चार्ल्स कलेम्बाले बताएका छन् ।

मलावीको शिक्षा मन्त्रालयले यो महिनाको अन्त्यसम्म विद्यालय बन्द गर्ने घोषणा गरेको छ । विस्थापित परिवारलाई विद्यालयमा व्यवस्थापन गरिएकाले पठनपाठन स्थगन गरिएको उक्त मन्त्रालयले जनाएको छ। छिमेकी ताञ्जानिया र जाम्बियाका साथै संयुक्त अधिराज्यको सहयोगमा देशको सुरक्षा बल, प्रहरी र उद्धारकर्मीको टोलीले खोज तथा उद्धारलाई जारी राखेका छन् । सडक सम्पर्कबाट विच्छेद भएका स्थानमा हवाई सेवामार्फत राहत सामग्री, औषधिका साथै उद्धारकर्मी पुर्‍याइएको छ ।

देशका १५ जिल्ला आँधीबाट प्रभावित भएका छन् भने औसतभन्दा अधिक वर्षा भएर प्रभावितमध्येका तीन जिल्लामा जनजीवन कष्टकर बनेको छ । ती जिल्लामा चक्रवात साम्य भए पनि भारी वर्षा भएको छ। चक्रवात प्रभावित क्षेत्रको भ्रमणपछि मलावीका राष्ट्रपति लाजरस चकवेरालले विदेशी नियोग, सरकार, स्थानीय एवं अन्तर्राष्ट्रिय संस्था एवं कम्पनीसँग सहायताका निम्ति अपिल गर्नुभएको थियो । राष्ट्रपतिको अपिलअनुरूप ती निकायले सहायता परिचालन गरे पनि त्यो पर्याप्त नभएको राहत तथा उद्धारमा संलग्न अधिकारीहरूले गुनासो गरेका छन् ।

यसैबीच, दक्षिण अफ्रिकी विकास समुदायले मानवीय सहायतास्वरूप मलावीलाई तीन लाख अमेरिकी डलर उपलब्ध गराउने घोषणा गरेको छ ।

# मधेसमा विभेद : ऐन .......

यसमा त व्यक्तिले मुद्दा हाल्नै पर्दैन, प्रहरी प्रशासनले 'प्रोएक्टिभ' रूपमा आफैं मुद्दा चलाउनसक्छ, जुन भइरहेको छैन", मुख्यमन्त्री यादवको भनाइ छ ।

उहाँले पहिलेको तुलनामा जातीय भेदभाव तथा छुवाछुतका घटनामा धेरै कमी भए पनि अझ बढी सामाजिक सचेतनाको आवश्यकता रहेको बताउनुभयो । "सुधार हुँदैछ तर एउटा मात्रै घटना हुनु पनि लज्जाको विषय हो । अपराध नियन्त्रणका लागि सरकार नै गम्भीर हुनुपर्ने आवश्यकता छ", मुख्यमन्त्री यादवले भन्नुभयो, "कारबाही गर्ने अधिकार केन्द्रीय संरचना अन्तर्गतको प्रहरीसँगै भएकाले हामीले कठिनाइ भोगिरहेका छौं । गम्भीरतापूर्वक यस विषयमा छलफल हुन्छ, दलित सशक्तीकरण ऐन कार्यान्वयन गर्न म लाग्छु।" उहाँले जातीय भेदभाव तथा छुवाछुतका विषयमा जिल्ला समन्वय समितिसहित स्थानीय पालिका प्रमुखलाई राखेर आठै जिल्लामा अभियानकै रूपमा सचेतीकरणका कार्यक्रम अगाडि बढाउन आफूले योजना बनाइरहेको बताउनुभयो ।

मधेस प्रदेश सरकारका गृह तथा सञ्चारमन्त्री शत्रुधनप्रसाद सिंहले पनि सरकारले अभियानकै रूपमा जातीय विभेद तथा छुवाछुतविरूद्ध गतिविधि अगाडि बढाउनुपर्ने बताउनुभयो। उहाँले मुख्यमन्त्रीसँग छलफल गरी सामाजिक जागरण र प्रहरी प्रशासनले बढाउनुपर्ने भूमिकाका विषयमा आवश्यक कदम चाल्न आफ्नो भूमिका रहने धारणा राख्नुभयो । "विभेद्‌विरूद्ध निर्ममतापूर्वक अगाडि बढ्नुपर्ने आवश्यकता छ । विभेद्‌कै विरूद्धमा लडेर संघीयता र समावेशीता स्थापित गरेको यो प्रदेशमा आन्तरिक विभेद र उत्पीडिन रहन दिनुहुन्न भन्ने कुरामा म प्रष्ट छु । अरू साथीहरूले पनि यसलाई प्राथमिकताका साथ अगाडि बढाउनुपर्छ", मन्त्री सिंहले भन्नुभयो।

मानवअधिकार आयोगका प्रमुख खतिवडाले पनि मधेसमा रहेको जातीय, लैङ्गिक तथा अन्य विभेदका विषयमा निर्मम समीक्षा र सुझबुझपूर्ण हस्तक्षपको आवश्यकता औंल्याउनुभयो। उहाँले यो मुद्दामा काम गर्ने सरकारी तथा गैरसरकारी संघसंस्थाको भूमिका, लगानी र योगदानमाथि नै प्रश्न उठिरहेकाले अब परियोजनामा आधारित गतिविधिभन्दा रूपान्तरणकारी सामाजिक अभियान जरूरी रहेको बताउनुभयो । "प्रदेश सरकारले छोरी पठाउँ, छोरी बचाउँ कार्यक्रमलाई अभियानकै रूपमा अगाडि बढायो तर दलित सशक्तीकरण ऐन आउँदा पनि देखिने गरी कुनै अभियान चलाएको पाइएन । अब परियोजनाले बजेट खर्च गर्नकै लागि अभियान गर्ने, राज्यले उजुरी पर्खेर बस्ने, प्रदेश तथा स्थानीय तहले अरूलाई देखाएर पहलकदमी नलिने अवस्था रहनुहुँदैन", खतिवडाले भन्नुभयो ।

मानवताविरूद्ध हुने सबै प्रकारका जातीय तथा रङ्गभेदलाई अन्त्य गर्न संयुक्त राष्ट्रसंघले सन् १९६५ मा विभेद उन्मूलनसम्बन्धी महासन्धि पारित गरेपछि नेपाल सन् १९७१ देखि त्यसको पक्ष राष्ट्र हो । त्यही कारण सन् १९६६ देखि हरेक वर्ष मार्च २१ लाई अन्तर्राष्ट्रिय दिवसकैरूपमा मनाउने गरिएको छ। मंगलबार ५८औं जातीय विभेद तथा रङ्गभेद उन्मूलन दिवस मनाइँदैछ। यही दिवसका अवसरमा दलित मात्रै होइन, गैरदलितसहितको समन्वय, संवाद र समझदारी बनाउँदै सबै प्रकारका जातीय भेद्‌भाव तथा छुवाछुतविरूद्ध लड्ने प्रतिबद्धता जरूरी छ । रासस

# उद्योगमा लगानी : ६२ वर्षमा २८ खर्ब

**रासस/काठमाडौं**

करिब ६२ वर्षको अवधिमा उद्योग क्षेत्रमा मात्रै करिब २८ खर्ब बराबरको लगानी भएको पाइएको छ । उद्योग विभागले सार्वजनिक गरेको तथ्याङ्क अनुसार चालु आर्थिक वर्षको फागुन मसान्तसम्म (विभिन्न क्षेत्रका उद्योगमा) रू २७ खर्ब ८२ अर्ब बराबरको लगानी प्रस्ताव भएको छ। आर्थिक वर्ष २०१७/१८ सालदेखि २०७९/८० सम्म आठ हजार नौ सय ७४ उद्योगका लागि उक्त लगानी प्रस्ताव भएको हो । उक्त तथ्याङ्क अनुसार हालसम्म दर्ता भएका उद्योगमध्ये सबैभन्दा धेरै लगानी प्रस्ताव साना उद्योगमा रहेको छ । तथ्याङ्क अनुसार हालसम्म दर्ता भएका उद्योगले छ लाख ७० हजार दुई सय ५५ जनालाई रोजगारी उपलब्ध गराएको उल्लेख छ ।

**आठ महिनामा साढे एक खर्बको प्रतिबद्धता**

विभागले सार्वजनिक गरेको चालु आर्थिक वर्षको आठ महिना (गत साउनदेखि फागुन मसान्तसम्म) को तथ्याङ्कअनुसार स्वदेशी र विदेशी लगानीका एक सय ८३ वटा उद्योगका लागि रू एक खर्ब ५५ अर्ब बराबरको विदेशी लगानी प्रतिबद्धता आएको हो । यस्तै, आठ महिनाको अवधिमा दुई सय ३९ विदेशी लगानीका उद्योगका लागि रू ३१ अर्ब २१ करोड ११ लाख ३२ हजार उक सय ९६ लगानी प्रतिबद्धता आएको छ । जसमा फागुनमा मात्रै रू तीन अर्ब ४४ करोड ९८ लाख ३८ हजार छ सय विदेशी लगानी प्रतिबद्धता भित्रिएको छ । विभागका अनुसार चालु आर्थिक वर्षको साउनमा मात्र रू दुई अर्ब ६४ करोड नौ लाख, भदौमा रू तीन अर्ब ४४ करोड ६५ लाख, असोजमा रू एक अर्ब ८५ करोड ४७ लाख र कात्तिकमा रू तीन अर्ब ६५ करोड बराबरको लगानी प्रतिबद्धता आएको थियो ।

यस्तैगरी मंसिरमा रू ८० करोड आठ लाख, पुस महिनामा रू चार अर्ब ८५ करोड २० लाख, माघ महिनामा रू एक अर्ब ३९ करोड बराबरको वैदेशिक लगानी प्रतिबद्धता आएको छ । विभागको तथ्याङ्क अनुसार गत आर्थिक वर्ष २०७८/७९ को साउनमा रू पाँच अर्ब ५३ करोड ५० लाख, भदौमा रू छ अर्ब ३२ करोड, असोजमा रू एघार अर्ब ९६ करोड पाँच लाख, कात्तिकमा रू ९८ करोड, मङ्सिरमा रू पाँच अर्ब १५ करोड ५१ लाख, पुसमा रू ६१ करोड २० लाख, माघमा रू ५३ करोड ९५ लाख र फागुनमा रू दुई अर्ब २३ करोड बराबरको लगानी प्रतिबद्धता आएको थियो ।

**साढे १३ अर्ब नाफा विदेशियो**

चालु आर्थिक वर्षको आठ महिनाको अवधिमा झण्डै साढे १३ अर्ब नेपाली विदेशीएको छ । उद्योग विभागले सार्वजनिक गरेको आठ महिनाको तथ्याङ्क अनुसार रू १३ अर्ब ४५ करोड ९८ लाख ७८ हजार तीन सय २४ लाभांशवापत रकम फिर्ताको सिफारिस भएको हो ।

विभागले आठ महिनामा रोयल्टीवापत रू दुई अर्ब आठ करोड ९३ लाख ९७ हजार १०७ नेपाली रूपैयाँ, ११ लाख ४८ हजार सात ६० अमेरिकी डलर, ३० करोड ४७ लाख ५० हजार ८२५ भारतीय रूपैयाँ र ७ हजार युरो विदेश लैजानका लागि विभागले सिफारिस गरेको छ। विभागले सिफारिस गरेपछि नेपाल राष्ट्र बैंकबाट स्वीकृत लिएपछि मात्र नेपाली रूपैयाँ विदेश लैजान पाइन्छ। विभागले स्वीकृत गरेको १५ दिनभित्र रकम लैजान पाइने विभागले जनाएको छ ।


## व्यास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
दमौली तनहुँ । गण्डकी प्रदेश

## नगर लोककल्याणकारी सन्देश

मिति २०७२/१२/७ गते व्यास नगर कार्यपालिकाको नियमित बैठक नगर प्रमुख श्री बैकुण्ठ न्यौपानेको अध्यक्षतामा सम्पन्न भयो । उक्त बैठकमा उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरू र कार्यपालिका सदस्यहरूको उपस्थिति भई तल लेखिए बमोजिम मुख्य-मुख्य निर्णयहरू गरियो ।

१) यसै नगरपालिका वडा नं. ८ वाहुनपोखरा जन्मनुभई नेपालको लोकतान्त्रिक आन्दोलनका निष्ठावान नेता, तनहुँ क्षेत्र नं. १ बाट संघीय व्यवस्थापिकामा निर्वाचित माननीय सासद श्री रामचन्द्र पौडेलज्यू मिति २०७९/११/२५ गते भएको नेपालको राष्ट्रपति निर्वाचनमा विजयी हुनु भएकोमा व्यास नगरपालिका गौरव गर्दछ र हार्दिक बधाइका साथ वहाँको सफल कार्यकालको कामना गर्ने निर्णय गरियो ।
२) २०७९/११/२३ मा भएको कार्यपालिका बैठकका निर्णयहरूको समिक्षा गरियो ।
३) व्यास नगर शिक्षा नियमावली २०७६ लाई पाँचौ संशोधन प्रस्ताव र स्थानीय पाठ्यक्रम निर्माण कार्यविधि, २०७९ पारित गर्न निर्णय गरियो।
४) व्यास नगरपालिका विज्ञापन कर निर्देशिका २०७९, पशु प्रबर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ बैठकमा कार्यपालिका सदस्यहरूले अध्ययन गरी आगामी बैठकमा संशोधन प्रस्ताव सहित राय दिन निर्देशन दिने निर्णय गरियो ।
५) व्यास नगरपालिकाभित्रका फोहोरलाई घर-घरवाट छनौट गर्ने प्रकृया अघि बढाउने र यस नगरपालिकाभित्रको अव्यवस्थित मोटर ग्यारेजहरूलाई व्यवस्थित गर्ने सम्बन्धी प्रस्ताव बैठकमा प्रस्तुत गरियो । साथै उक्त प्रस्तावहरूलाई अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो
६) व्यास नगर कार्यपालिका र जिल्ला प्रहरी कार्यालय तनहुँका प्रमुख श्री अवदेश विष्ट बीच यस नगरको विभिन्न सुरक्षाका विषयमा अन्तक्रिया गरियो । साथै व्यास नगरपालिका वडा नं. १४ को केशवटारमा रहेको कृषि कार्यालयका खाली पक्की भवनमा प्रहरी चौकी व्यवस्थापनका लागि अनुरोध गर्ने निर्णय गरियो ।
७) व्यास नगरपालिका अन्तर्गतका बडा नं. ६, ७, ८, ९, १०, १२ र १४ वडाहरूमा २०७९ चैत्र मसान्तभित्र सार्वजनिक सुनुवाई कार्यक्रम गर्न गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।
८) व्यास १० स्थित बैरनी जग्गा विकास आयोजनाको निर्माण कार्य ०७९/१२/९ गतेदेखि सुभारम्भ गर्ने निर्णय गरियो ।
९) यस कार्यालयमा विगत लामो समयदेखि कार्यरत स्थायी अधिकृत श्री मेघनाथ आचार्य र करार सेवाका अधिकृत श्री विमल गिरीले आफ्नो पदबाट राजिनामा दिनु भई राजिनामा स्वीकृतिको जानकारी प्राप्त भएकाले वहाँहरूको नगरपालिकामा रहँदा पुर्‍याउनु भएको सेवाका लागि धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।
१०) व्यास नगरपालिकाले आ.व. २०७९/०८० मा अनुमानित गरेको आय रू. २२,६०,००,०००/- (वाइस करोड साठी लाख) २०७९ फाल्गुण मसान्तसम्म रु ८,८४,८६,९१९/२७ (आठ करोड चौरासी लाख छयासी हजार नौ सय उन्नाइस रूपैया सत्ताइस पैसा) आय भएको बैठकमा जानकारी प्राप्त गरियो



## विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य परीक्षण सम्बन्धी सूचना

**चैत ११ गते शनिबार**

१) पोखरा गण्डकी मेडिकल कलेज र मधुमेह तथा थाइरोइड उपचार केन्द्रका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर), थाइरोइड तथा इनडोक्राइनोलोजिष्ठ **डा. तिर्थलाल उपाध्याय** आउँदै हुनु हुन्छ । रोगसँग सन्बन्धित बिरामीहरूले सम्पर्क राखी सेवा लिनुहोस् ।

**रोगका लक्षणहरू** : थकाई लाग्ने, आलस्य हुने, जागर नचल्ने (अल्छी लाग्ने), छिन छिनमा पिसाब लाग्ने, पिसाब फेरेको ठाउमा कमिला लाग्ने, मुख सुख्खा हुने, खाना बढी रूचि हुने, शरिरको वजन छोटो समयमा कम हुने, शरिरको वजन उचाई भन्दा बढी हुने, BMI ३० भन्दा बढी हुने, हात खुट्टा पोल्ने र झमझमाउने,आखा धमिलो हुने र कुनै पनि घाउ निको हुन गार्हो हुने जस्ता समस्याहरू साथै थाईरोइडका लक्षणहरू पनि स्वार बस्ने, घाटीमा केही अड्केको जस्तो लाग्ने, मन आत्तिने, हात खुट्टा गल्ने र झम्झमाउने, खुट्टा सुनिने, शरीर भारी हुने जस्ता लक्षणहरू के तपाईहरूलाई देखिएको त छैना ? यदि देखिएको छ भने तुरून्त सम्पर्क राखी सेवा लिनु होस।

२) पोखरा गण्डकी अस्पतालका वरिष्ठ रेडियोलोजिष्ट **डा. सवनम आचार्य**द्वारा भिडियो एक्सरे सेवा ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) डा. सुशील वि.क.द्वारा दैनिक बिरामी जाँच २) प्याथोलोजी ल्याब सेवा ३) डिजीटल मेशिनद्वारा एक्स-रे सेवा, ४) भिडीयो एक्सरे सेवा वा मुटुको भिडीयो एक्सरे (ECO) ५) नेबुलाइजर (वाफ) सेवा ६) मुटुको इसिजि सेवा ७) ड्रेसिङ्ग र सुचरिङ्ग सेवा ८) हात खुट्टा भाँचिएमा प्लाष्टर सेवा ९) अब्जरभेसन सेवा १०) गुणस्तरीय फार्मेसी सेवा

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

## मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.
व्यास-२, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२



## पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।
## सम्पर्क : ०६५-५६३९०७
www.bhanjyangnews.com
E-mail : bhanjyangdml@gmail.com

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**घर फर्कदै गरेका विद्यार्थी :** तनहुँको ऋषिङ गाउँपालिका स्थित शिव सरस्वती माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरू वार्षिक परीक्षा दिएर घर तर्फ फर्कदै ।
*तस्विर : नारायण खड्का/भञ्ज्याङ*

# मध्यपहाडी राजमार्गको पोखरा खण्डमा विवाद

**रासस**/कास्की

राष्ट्रिय गौरवको आयोजना पुष्पलाल (मध्यपहाडी) राजमार्गको पोखरा खण्डमा विवाद भएको छ । यसअघि विवादकै कारण लामो समयसम्म राजमार्गको रेखाङ्कन टुङ्गो लाग्न नसकेकामा पछिल्लो समय तय गरिएको रेखाङ्कनको स्थानीयले विरोध गरेका हुन् । पछिल्लो समय पोखराको ग्रामीण क्षेत्रलाई समेटेर साढे ३५ किमीको नयाँ एलाइनमेन्ट तय गरेर निर्माणको ठेक्का सम्झौता भएपछि पोखरा–१६ बाटुलेचौर र लामाचौरका स्थानीयवासी बजारबाट राजमार्ग लैजान नहुने भन्दै आन्दोलनमा उत्रिएका हुन् । पोखराको याम्दीपुलदेखि कालिखोलासम्मको खण्डमा विवाद भएको हो ।

निर्माण कम्पनीले काम सुरू गर्न लाग्दा सडक मापदण्डका कारण विस्थापित हुनुपर्ने भन्दै प्रभावित क्षेत्रका नागरिक आन्दोलनमा उत्रिएपछि सो क्षेत्रमा निर्माण कम्पनीले काम रोकेको छ । पोखरा महानगरपालिका–२५ याम्दी जौवारी पुलदेखि मादी गाउँपालिकाको भैँसेसम्मको राजमार्ग रेखाङ्कन नहुँदा लामो समय यस खण्डमा काम हुन सकेको थिएन । गत असोजमा मध्यपहाडी राजमार्ग आयोजनाले पोखराको याम्दी पुलदेखि, लामाचौर, अमला विसौनी, महेन्द्रगुफा, कालीखोला, अर्मलाकोट र मादी गाउँपालिकाको आँटीघर, पानीघाट, मेलबोट, ज्याम्दु हुँदै भैँसेसम्म जोड्ने गरी नयाँ रेखाङ्कन गरेर गत भदौ १४ गते निर्माणका लागि ठेक्का आह्वान गरेको थियो ।

याम्दीदेखि कालिखोलासम्म चार लेन र कालीखोलादेखि ज्याम्दुसम्मको पहाडी भूगोलमा दुई लेनको बाटो बनाउने सम्झौता भए पनि पोखराको लामाचौर र अमलाविसौनीका स्थानीयले विरोध जनाएका छन् । स्थानीयलाई जानकारी नदिइकन वडा कार्यालयले राजमार्गको सहमति दिएको उनीहरूको आरोप छ । स्थानीयले संघर्ष समिति गठन गरी एक सातादेखि दैनिक वडा कार्यालयमा धर्ना दिएका छन् ।

राजमार्गको रेखाङ्कन क्षेत्रमा पर्ने जग्गाधनीसँग कुनै छलफल नै नगरिकन राजमार्ग निर्माणका लागि सिफारिस गरिएपछि आफूहरू विरोधमा उत्रिएको संघर्ष समितिका अध्यक्ष गोविन्दबहादुर बस्नेतले बताउनुभयो । सडक निर्माणका सम्पूर्ण प्रक्रिया रोक्न र उपयुक्त विकल्पको खोजी गर्न मागसहित आन्दोलनमा उत्रिएको उहाँले बताउनुभयो । बस्ती छिराएर नभई ग्रामीण क्षेत्र हुँदै जाने अर्को वैकल्पिक उपायको खोजी गर्नुपर्ने माग पीडित पक्षको छ ।

उहाँले भन्नुभयो, "वास्तविक घरजग्गा धनीलाई विना सूचना, भेला तथा सुनुवाइ केही नगरिकन जग्गाधनीको सहमति र मञ्जुरी विना गरिएको राजमार्गको रेखाङ्कन हामीलाई मान्य छैन । महेन्द्र गुफा, चमेरे गुफा जस्ता राष्ट्रिय पर्यटकीय सम्पदा भएको स्थानबाट राजमार्ग बनाउन मिल्दैन, महत्वपूर्ण सम्पदालाई दूरगामी गम्भीर क्षति पुग्ने कारणले गर्दा यो खण्ड राजमार्ग निर्माणको लागि छैन ।" स्थानीयका अनुसार सो क्षेत्रबाट राजमार्ग निर्माण गर्दा पर्यटकीय सम्पदासहित तीन सय घरधुरी विस्थापित हुने बताइन्छ । स्थानीयले राजमार्गका लागि वैकल्पिक बाटो खोजी गर्नुपर्ने र बजार क्षेत्रमा छिराउन नदिने अडान लिएका छन् । अहिलेको रेखाङ्कन अनुसार सडक निर्माण गर्दा आफूहरू सुकुम्वासी हुनुपर्ने स्थानीयको चिन्ता छ ।

पोखरा खण्डमा राजमार्गको रेखाङ्कन विवाद लामो समयसम्म थाँती रहेपछि २०७७ फागुन ८ गते पोखरा महानगरपालिका र मादी गाउँपालिकाको संयुक्त बैठक बसेर पुनःनक्साङ्कनका लागि नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरेको थियो । सोही बैठकले हालको रेखाङ्कन उपयुक्त हुने निर्णय गरेको थियो । त्यसपछि तत्कालीन पोखरा–१६ का वडाध्यक्ष जीवनप्रसाद आचार्यले वडामा पर्ने अर्मलाकोटदेखि याम्दीसम्मको जग्गामा कुनै विवाद नभएको, कुनै मुआब्जा दिन नपर्ने र क्षतिपूर्ति न्यून भएकाले राजमार्ग निर्माणको आवश्यक प्रक्रिया अघि बढाइ दिन भनी पुष्पलाल मध्यपहाडी राजमार्ग सडक योजना कार्यालयलाई पत्राचार गर्नुभएको थियो । सरकारले मध्यपहाडी राजमार्ग आयोजना सुरू गरेपछि सुरूआतमा पोखरा खण्डमा अधिकांश बजार क्षेत्र पर्ने गरी याम्दीपुलदेखि लामाचौर, भलाम, मणिपाल पछाडि, फूलबारी, काहुँखोला बजार हुँदै भैँसेसम्म जोड्ने गरी डिपीआर तयार गरिएको थियो । पुरानो डिपीआरअनुसार राजमार्ग निर्माण गर्दा सो क्षेत्रमा अत्यधिक घर बनेको र धेरै जग्गा खण्डीकरण भएर घडेरीमा बिक्री भएको, राजमार्गको मापदण्डले ठूलो बस्ती स्थानान्तरण गर्नुपर्ने र सो सम्भव नभएपछि राजमार्ग आयोजनाले विकल्प खोजेको थियो ।

यसअघि पनि बजार क्षेत्रबाट राजमार्ग लैजान नहुने भन्दै रेखाङ्कन क्षेत्रका स्थानीय विरोधमा उत्रिएका थिए । पुष्पलाल (मध्यपहाडी) राजमार्ग सडक योजना कार्यालय पर्वतका प्रमुख इञ्जिनियर नारायणदत्त भण्डारीले विरोधका कारण लामाचौर खण्डको काम रोकिएको बताउनुभयो। भैँसेदेखि याम्दीसम्म विगत वर्षहरूमा डिपीआर र सर्भे भएर बसिरहेको र ठेक्का लगाउन नसकेको अवस्थामा नयाँ रेखाङ्कनसहित निर्माणको ठेक्का सम्झौता गरिएको उहाँले बताउनुभयो। भण्डारीले भन्नुभयो, "लामाचौर क्षेत्रमा विवाद भए पनि भैँसेदेखि काम सुरू भएको छ । मापदण्डका बारेमा स्थानीयलाई बुझाउने र विवाद समाधानको पहल गरिरहेका छौँ । महानगरले लागू गरेको खोलाको मापदण्डअनुसार नै सडक मापदण्ड मानेर लैजाने चाहेका छौँ ।" रासस

![facebook twitter]



**मञ्जरी**
twitter.com/Manzari77
शिक्षाले जीवन धान्न सिकाउछ भने असल ब्यवहारले जीवन जिउन !! शिक्षितले जीवन सरल र सहज तरिकाले बिताइन्छ तर "परिस्थिति र ब्यवहारले" राम्रो संस्कार सिकाउछ ! शिक्षा, संकार आफ्ना अग्रजहरूले मात्र दिदैनन्, जीवनमा आएका खराब मानिस, परिस्थिति र समय सबै शिक्षाका भण्डार हुन् ।



**उप्रेती निता**
twitter.com/UpretiNita
जब नाता, सम्बन्ध र मित्रता आर्थिक हैसियत, स्वार्थ र आफु अनकुलताका दिनका लागि मात्र प्रयोग हुन थाल्छ त्यो सम्बन्ध भावनात्मक हुनै सक्दैन मात्र प्राविधिक हुन्छ समाजलाई देखाउनका लागि मात्र ॥



**अविरल**
twitter.com/bistakaji41
ईच्छाले न कोही दुःखी हुन्छ न सुखी, समय र परिस्थितीले मान्छेलाई तत् तत् ठाउँमा डोहोर्याउने हो। उचित समयमा उचित निर्णय लिनु वुद्धिमानी हो, लडिन्छ भनेर जान्दाजान्दै भिरालो बाटो रोज्नु मुर्खता हो । गाह्रो त अवश्य होला तर कठिनाईको सामना गर्दै गन्तव्य पुग्दा भिन्दै मज्जा आउँछ ।



**निलम्बर आचार्य**
twitter.com/nilacharya
मेरो पर्यवेक्षणले भन्छः
गर्नुपर्ने विषयमा हामी छलफल, बहस, विमर्श गर्दैनौं,
त्यसलाई उचित महत्व र समय दिदैनौं,
तर अनावश्यक कुरामा वा विषयान्तर भएर
लम्बे चर्चा, तर्क वितर्क गरिरहेका हुन्छौं ।
सायद त्यसैले हाम्रो प्रगति मन्द र असन्तुलित छ ।
छलफल त ठीक र विषयभित्र हुनुपर्‍यो नि !

## 'सामान हाम्रो, मूल्य ........

गर्नुपर्दा पेसा संकटमा परेको छ", स्थानीय ५५ वर्षीया हस्तबहादुर भुजेलले भन्नुभयो, "सस्तोमा बाँस खरिद गर्न पाए पो हाम्रो सामानको मूल्य पनि सस्तो नै पर्ने थियो । अहिले घाटाको व्यापार गर्नुपरेको छ।" उहाका अनुसार बाँसको सामग्री बनाउने परम्परागत पेसाप्रति युवापुस्ताको भने रूचि देखिँदैन । मेहनत बढी र फाइदा कम हुने पेसा भएकाले गाउँका युवाको रूचि वैदेशिक रोजगारीमा नै हुने गरेको हस्तबहादुरको भनाइ छ । बाँसको सामान बिक्री गरेर दैनिक दुई/तीन सय रूपैयाँ पनि हात पार्न समस्या भएको उहाँले बताउनुभयो। पुरूषसँगै भुजेल महिलाले पनि सँगै बाँसको काम गर्ने प्रचलन छ।

"१५/१७ वर्ष पहिले सस्तो थियो। घरमै बसेर दुई चार रूपैयाँ खेलाउन पाइन्थ्यो", हस्तबहादुरले भन्नुभयो, "तर अहिले कसैले कति पर्छ भनेर सोधे कति दिनुहुन्छ भन्नुपर्ने अवस्था छ । हाम्रो श्रमको मूल्य नै छैन । घाटाको व्यापार गर्दिन भनेर ३२ वर्षीय छोरा इन्द्रबहादुर पनि कतार हानियो ।" गाउँका करिब १२/१५ युवाले बाँसको परम्परागत सामग्री बनाउने पेसा छाडेर रोजगारीको क्रममा कतार, मलेसिया, साउदी र दुबईलगायत विभिन्न खाडी मुलुक गएको तथ्याङ्क आफूहरूसँग रहेको स्थानीयको भनाइ छ ।

भुजेलको परम्परागत पेसा संरक्षणका लागि अनुदान दिने व्यवस्था गरे पनि फर्म दर्ता गर्नेबारेमा भुजेललाई जानकारी नहुँदा समस्या भएको बन्दीपुर गाउँपालिकाले जनाएको छ । गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले परम्परागत सामग्री बनाउने भुजेलको पेसा संरक्षणका लागि आफूहरूले विशेष कार्यक्रम नै बनाउन लागेको बताउनुभयो । "बजारमा बढ्दो महँगीले गर्दा भुजेलको परम्परागत पेसा सङ्कटमा पर्दै गएको छ", अध्यक्ष थापाले भन्नुभयो, "त्यसको संरक्षणका लागि हामीले विभिन्न कार्यक्रम सञ्चालन गर्नेछौँ ।"


# डढेलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौ र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोगरी निभाऔं,
- हाम्रो सानो असावधानीले जंगलमात्र होईन आसपासका वस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

**सचेत बनौं, डढेलोबाट आफू पनि वचौ र अरूलाई पनि बचाऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड


## जीपी कोइरालामा ........

जनरल सर्जरी, इन्टरल मेडिसिन, फार्मेसी, स्त्री तथा प्रसुति, बालरोग, आइसियु सेवा, डिजिटल एक्सरे, इसीजी, भिडियो एक्सरे, सुरक्षित गर्भपतन, आँखा रोग, पिएफटि सेवा (मेशिनद्वारा फोक्सोको जाँच), इकोकार्डीयोग्राफी (मुटुको भिडियो एक्सरे) लगायतको सेवा प्रदान गर्दै आएको छ ।

केन्द्रले मेजर/माइनर अपरेशन (शल्यकृया) सेवा पनि उपलब्ध गराउदै आएको छ । गत असोज ६ गते पहिलो पटक पित्ताथैली (पत्थरी)को सफल शल्यक्रिया गरेको केन्द्रले चालु आर्थिक वर्षको हालसम्म ३६ वटा हाडजोर्नी र ३७ वटा सर्जरी गरेको डा. श्रेष्ठले बताए । केन्द्रमा हरेक हप्ताको सोमबार र बिहीबार मेजर अप्रेसन सेवा प्रदान गर्ने गरिएको छ ।

उपचार केन्द्रमै शल्यक्रिया हुन थालेपछि काठमाडौ र पोखरा जानुपर्ने बाध्यता अन्त्य भएको शुक्लागण्डकीकी यममाया गुरूङले बताइन् । उनले भनिन्, 'पहिले स–साना समस्य लिएर पनि पोखरा जानुपर्थ्यो । अहिले सामान्य स्वास्थ्य परीक्षणदेखि जटिल प्रकृतिको शल्यक्रिया पनि घरछेउकै अस्पतालमा हुन थालेपछि उपचार सेवा लिन सहज भएको छ ।'

केन्द्रले करिव दुई वर्षदेखि मेजर तथा माइनर शल्यक्रियाको सेवा दिंदै आएको छ । पित्ताथैली, हाडजोर्नी, पाइलस्, हर्निया लगायतको मेजर अप्रेसनका सेवा प्रवाह भएको केन्द्रले जनाएको छ। केन्द्रबाट तनहुँ, लमजुङ, पाल्पा, स्याङ्जा, नवलपुर लगायतका जिल्लाका ग्रामीण क्षेत्रका सेवाग्राहीहरूले सहज रूपमा उपचार सेवा पाउने गरेका छन् ।

केन्द्रले संघीय सरकारबाट प्राप्त २ करोड १८ लाख रूपैयाँ बजेटबाट अक्सिजन प्लान्ट निर्माण गरेका छ । केन्द्रले २०७८ पुस २७ गतेबाट अक्सिजन उत्पादन गर्दै आएको छ । केन्द्रका कार्यकारी निर्देशक डा. श्रेष्ठका अनुसार सानो सिलिन्डरको २ सय र ठुलो सिलिन्डरको ५ सय रूपैयाँका दरले अक्सिजन अन्यत्र बिक्रीबितरण गर्ने गरिएको छ ।

जनस्तरबाट संकलित दान र चन्दबाट स्थापना गरिएको सेतीगंगा सामुदायिक अस्पतालको स्वामित्व नेपाल सरकारको २०७३ साल असार १२ गतेको निर्णयानुसार जीपी कोईराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्रलाई हस्तान्तरण गरिएको थियो । सरकारले सेतीगंगाको स्वामित्व केन्द्रलाई हस्तान्तरण गरेपछि अस्पताल निर्माणका क्रममा चन्दा र दाना दिने दाताहरूको शिलालेखलाई व्यवस्थित नगरि राखेको स्थानीयले गुनासो गर्न थालेका छन् । सेतीगंगा अस्पताल निर्माण समितिका सदस्य तथा चन्दादाताहरूलाई केन्द्रको कुनैपनि समितिमा नराखिएको समेत स्थानीयले गुनासो गरेका छन् ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का, **सल्लाहकार** : विश्वबन्धु भण्डारी ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः ०६५-५६३९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४